नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

## तेस्रो एसिया-प्रशान्तक्षेत्रीय पानी शिखर सम्मेलनमा नेपाल सरकारका तर्फबाट राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. स्वर्णिम वाग्लेज्यूको सम्बोधन

## प्रेस विज्ञप्ति

दीगो विकासको लागि पानीको सुरक्षा (Water Security for Sustainable Development) विषयक म्यानमारको याङ्गुनमा यही डिसेम्बर ११-१२, २०१७ मा आयोजित तेस्रो एसिया-प्रशान्त क्षेत्रीय पानी शिखर सम्मेलनलाई नेपालको तर्फबाट आज सम्बोधन गर्दै राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. स्वर्णीय वाग्लेले जलश्रोतको सुरक्षा, यसको दीगो विकास, नेपालले यस क्षेत्रमा गरेका प्रगतिबारे चर्चा गर्दै नेपालले निम्न तीन मुद्दाहरुमा जोड दिएको बताउँनु भयो:

१. पानी माथिको अधिकारलाई सुनिश्चित गर्ने।

२. विपद्का कारण हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्दै स्वच्छ उर्जा (Clean Energy) र सिंचाई (Irrigation) को विकासको लागि जलस्रोतको समूचित उपयोग गर्ने।

३. पानी सम्बन्धि अन्तर्देशिय साझा सरोकारका विषयलाई सुव्यवस्थापन गर्ने।

उहाँले पानी र सरसफाई, उर्जाको विकास, सिंचाई, कृषि, वन, स्वास्थ्य र उद्योग क्षेत्रमा पानीको वढ्दो आवश्यकता व्यक्त गर्दै जलस्रोतको सुरक्षा र यसको एकिकृत व्यवस्थापनको अभावमा हुन सक्ने पर्यावरणिय असन्तुलन, जलवायु, मानव समुदाय बसोबास र समग्र विकास प्रकृयामा पर्न सक्ने असर बारे ध्यानाकर्षण गराउँदै यसको उचित व्यवस्थापनका लागि आपशी सहयोगको आवश्यकता माथि जोड दिनु भयो।

उहाँले अन्तर्देशिय River Basin को वहुउद्देश्यीय उपयोगमा सदस्य राष्ट्रहरु बीच सहकार्य हुनु पर्ने विचार व्यक्त गर्नु भयो। हिजै नेपाली टोलीका नेता मा. डा. वाग्लेले सम्मेलनको " Water and Disaster in the Context of Climate Change: From the Mountains

to the Islands" विषयक Thematic Session लाई सम्बोधन गर्दै गत वर्ष नेपालमा आएको भारी वर्षा र त्यसको कारण आएको बाढी र पहिरोले पुर्याएको धनजनको क्षतिबारे प्रकाश पार्दै प्राकृतिक प्रकोप न्यूनिकरणका लागि र जलवायु क्षेत्रको सुरक्षा र विकासमा पानीको उचित व्यवस्थापन गर्नु पर्ने विचार व्यक्त गर्नु भयो।

उहाँले जलस्रोतको सुरक्षाबाट मात्र दीगो विकासको लक्ष्य प्राप्ति हुन सक्ने भएकोले यस क्षेत्रमा मुलुकहरुले यस माथि गम्भिर ध्यान पुर्याउँनु पर्ने विचार व्यक्त गर्नु भयो।

मा. डा. बाग्लेले हिजै सिंगापुरका Senior Minister of State for Environment and Water Resources, Dr. Amy Khor सँग सम्मेलनको Sidelines भेटमा नेपाल र सिंगापुर वीचको आपसी हीत र दुई पक्षीय सम्बन्धका साथै पानीको सुरक्षा र यसको वहुआयामिक प्रयोगमा एक अर्का मुलुकका अनुभवहरुको आदान-प्रदान भएको थियो।

उहाँले आज म्यानमारका Minister for Transport and Communications, H.E. U Thant Sin Maung सँग याँगुनमा शिष्टाचार भेटघाट गर्दै सम्मेलनको आयोजना गरी यस क्षेत्रका राष्ट्रहरु वीच पानीको सुरक्षा, दिगो विकास र सदस्य राष्ट्रहरु वीच अनुभव र विचारको आदान-प्रदान गर्ने अवसर दिएकोमा धन्यवाद दिनु भयो। यसै सन्दर्भमा, नेपाल र म्यानमार वीच हवाई यातायात पुनः संचालनका विषयमा छलफल हुँदा म्यानमारको हवाई जहाज Myanmar National Airways को बजार अध्ययन टोली (Market Survey Team) काठमाडौं पठाउँने विचार व्यक्त गर्नु भयो।

दुई दिने उक्त सम्मेलनको उद्घाटन म्यानमारका State Counsellor H.E. Daw Aung San Suu kyi ले गर्नु भएको थियो। सम्मेलनमा याङ्गुन घोषणा पत्र (Yangon Declaration) जारी गर्दै १२ डिसेम्बर २०१७ का दिन समापन भयो।

मितिः २०७४ मंसिर २६ गते

शिव रञ्जन पौड्याल
(कार्यक्रम निर्देशक)
सह-प्रवक्ता